
डिप्लोमा इन्जिनियरिङ परिषद्को व्यवस्था गर्न बनेको विधेयक



सङ्घीय संसद सचिवालय

संसद भवन, सिंहदरबार

२०८३, असोज

उद्देश्य र कारण

डिप्लोमा इन्जिनियरिङ पेशा वा व्यवसायलाई व्यवस्थित, वैज्ञानिक, गुणस्तरिय, मर्यादित तथा पारदर्शी रुपमा सञ्चालन गर्न तथा डिप्लोमा इन्जिनियरिङ प्राविधिकको योग्यता अनुसार नाम दर्ता गर्ने सम्बन्धमा डिप्लोमा इन्जिनियरिङ परिषद्को स्थापना र सञ्चालन गर्ने, व्यवसायिक उत्तरदायित्व र गुणस्तर कायम गराउन इन्जिनियरहरुका लागि आचारसंहिता लागू गर्ने र अनुगमन गर्ने, व्यवसायिक दक्षताको नियमन गर्ने, डिप्लोमा इन्जिनियरहरुको अभिलेख राख्ने लगायतका विषयहरु समेट्न आवश्यक देखिएकोले यो विधेयक पेश गरेको छु।

सुनिल लम्साल
मन्त्री
पूर्वाधार विकास मन्त्रालय

असोज, २०८३

सैद्धान्तिक अवधारणा

डिप्लोमा इन्जिनियरिङ पेशा वा व्यवसायलाई व्यवस्थित, वैज्ञानिक, गुणस्तरीय मर्यादित तथा पारदर्शी रुपमा सञ्चालन गर्न तथा डिप्लोमा इन्जिनियरिङ प्राविधिकको योग्यतानुसार नाम दर्ता गर्ने सम्बन्धमा डिप्लोमा इन्जिनियरिङ परिषद्को स्थापना र सञ्चालन गर्नको लागि डिप्लोमा इन्जिनियरिङ परिषद्को व्यवस्था गर्न बनेको विधेयक तयार गरिएको छ।

प्रस्तुत विधेयकमा परिषद्को स्थापना, परिषद् स्वशासित संस्था हुने, परिषद्को गठन, सदस्यको पदावधि, सदस्यको निमित्त अयोग्यता, सदस्यको पद रिक्त हुने अवस्था, परिषद्को काम, कर्तव्य र अधिकार, परिषद्को बैठक र निर्णय, रजिष्ट्रार, रजिष्ट्रार को काम, कर्तव्य र अधिकार, कर्मचारी सम्बन्धी व्यवस्था, नाम दर्ता नगराई इन्जिनियरिङ्ग व्यवसाय गर्न नहुने, शैक्षिक योग्यताको मान्यता, नाम दर्ताको लागि दरखास्त दिने, दरखास्त उपर छानविन, परीक्षा समिति गठन, नाम दर्ता गर्ने, नाम दर्ता प्रमाणपत्र दिने, नेपाल इन्जिनियरिङ परिषद्मा नाम दर्ता भएपछि परिषद्को नाम दर्ता कायम नरहने, गैरनेपाली डिप्लोमा इन्जिनियरको नाम दर्ता, दर्ता किताबबाट नाम हटाउने, प्रमाण पत्र रद्द गर्ने, पुनः नाम दर्ता गर्ने, परिषद्को कोष, लेखा र लेखापरीक्षण, कसूर तथा सजाय, मुद्दा हेर्ने अधिकारी, पुनरावेदन अनुसन्धान तहकीकात तथा मुद्दा चलाउने अधिकारी, व्यवसायिक आचार संहिताको पालना, प्रि-डिप्लोमा इन्जिनियरिङ दर्ता, अधिकार प्रत्यायोजन, वार्षिक प्रतिवेदन पेश गर्नु पर्ने, मन्त्रालयले निर्देशन दिन सक्ने, नियम बनाउन सक्ने, विनियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउने अधिकार, अनुसूचीमा थपघट वा हेरफेर वा संशोधन गर्न सक्ने जस्ता विषयहरु राखी नयाँ विधेयक बनाउन आवश्यक परेको हो। प्रस्तुत विधेयक नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८३/५/३१ को निर्णयानुसार सङ्घीय संसदमा पेस गर्न स्वीकृति प्राप्त भएकोले प्रस्तुत विधेयक पेश गरिएको छ।

प्रस्तुत विधेयक पारित भए पश्चात् डिप्लोमा इन्जिनियरिङ पेशा वा व्यवसायलाई व्यवस्थित, वैज्ञानिक, गुणस्तरीय मर्यादित तथा पारदर्शी रुपमा सञ्चालन गर्न तथा डिप्लोमा इन्जिनियरिङ प्राविधिकको योग्यतानुसार नाम दर्ता गर्ने सम्बन्धमा सहजता हुने देखिन्छ।

डिप्लोमा इन्जिनियरिङ परिषद्को व्यवस्था गर्न बनेको विधेयकको सैद्धान्तिक अवधारणापत्र

१. **नयाँ ऐन बनाउनु पर्ने आवश्यकताः**

(क) संवैधानिक कारणः पेशा व्यवसाय गर्ने मौलिक हक सुनिश्चित गरिएको।

(ख)अन्तर्राष्ट्रिय दायित्वः

(ग)सर्वोच्च अदालतको फैसलाः

(घ)सरकारको नीति तथा कार्यक्रमः

(ङ)अन्य कुनै कारणः डिप्लोमा इन्जिनियरहरुको पेशा व्यवसाय सुनिश्चित गर्नु पर्ने भएकोले।

२. **नयाँ ऐन बनाई कार्यान्वयन भए पश्चात हासिल गरिने उपलब्धीः** डिप्लोमा इन्जिनियरहरुको पेशा व्यवसाय कानूनी दायरामा आई पेशा व्यवसाय गर्ने हक सुनिश्चित हुने।

३. **प्रस्तावित विषयमा मौजुदा कानून भएः**

(क) ऐनको नामः नेपाल इन्जिनियरिङ परिषद् ऐन, २०५५

(ख) नेपाल इन्जिनियरिङ परिषद् नियमावली, २०५७

(ग) गठन आदेशको नामः

४. **मौजुदा कानून संशोधन गरी सो उपलब्धी हुन नसक्ने भए सो को कारणः** नेपाल इन्जिनियरिङ परिषद् ऐन, २०५५ ले डिप्लोमा इन्जिनियरहरुलाई समेट्न नसक्ने भएकोले।

५. **प्रस्तावित विषयमा सरकारले कुनै विशेष नीति स्वीकृत गरेको भए उक्त नीति कुन विधि (Method) बाट तर्जुमा भएको होः**

(क) तार्किक पद्धति (Rational Method)

(ख) बढोत्तरी पद्धति (Incremental Method)

(ग) मिश्रित पद्धति (Mixed Method)

६. **नीति निर्माणमा संलग्न प्रमुख पदाधिकारीः (मस्यौदा उपर छलफल गर्ने प्रयोजनको लागि)**

७. **प्रस्तुत विषयमा अन्य मुलुकमा कुनै कानून बनेको वा कुनै अन्तरराष्ट्रिय संस्थाले नमूना कानून बनाएको भए त्यस्तो मुलुक र कानूनको नामः** श्रीलङ्का

८. **प्रस्तावित विषयमा कुनै निकायबाट अध्ययन तथा अनुसन्धान भई कानून निर्माण सम्बन्धमा कुनै सुझाव दिएको भए त्यसको संक्षिप्त व्यहोराः** विभिन्न निकायका प्रतिनिधिहरुबीच छलफल भई राय सुझाव प्राप्त भएको।

९. प्रस्तावित कानून कार्यान्वयन गर्न आर्थिक व्ययभार पर्ने भएमा अनुमानित वार्षिक व्ययभारः

(क) कार्यालय सञ्चालन

(ख) कर्मचारी सुविधा

१०. **प्रस्तावित कानून कार्यान्वयन गर्न थप संरचना आवश्यक पर्ने वा नपर्नेः**

(क) कार्यालय

(ख) काउन्सिल बोर्ड

११. **प्रस्तावित कानून निर्माण गर्न कुनै निकायको परामर्श, सहमति लिनु पर्नेमा सो परामर्श वा सहमति प्राप्त भए वा नभएको:** अर्थ मन्त्रालयको सहमति प्राप्त भएको।

१२. प्रस्तावित कानूनमा समावेश गर्न खोजिएका मुख्य विषयहरु:

(क) डिप्लोमा इन्जिनियरिङ परिषद्को गठन

(ख) परिषद्को काम, कर्तव्य र अधिकार

(ग) नाम दर्ता

(घ) दण्ड सजाय

(ङ) अधिकार प्रत्यायोजन इत्यादि

आर्थिक टिप्पणी

प्रस्तावित डिप्लोमा इन्जिनियरिङ परिषद्को व्यवस्था गर्न बनेको विधेयकमा गरिएका व्यवस्थाबाट नेपाल सरकारले प्रत्यक्ष रुपमा कुनै आर्थिक दायित्व वहन गर्नुपर्ने अवस्था छैन। प्रस्तुत विधेयकको दफा २६ को उपदफा (४) मा परिषद्को सम्पूर्ण खर्च परिषद्को कोषमा जम्मा भएको रकमबाट व्यहोरिने व्यवस्था रहेको।

सुनिल लम्साल
मन्त्री
पूर्वाधार विकास मन्त्रालय

असोज, २०८३

प्रत्यायोजित व्यवस्थापन सम्बन्धी टिप्पणी

डिप्लोमा इन्जिनियरिङ परिषद्को व्यवस्था गर्न बनेको विधेयकमा "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ भन्ने व्यवस्था भएकोले सो विधेयकको दफा ९(ङ), ११(७), १२(झ), १३(२), १६(१) र (३), १८ (२), (३) र (५), १९(२), २०(१), २२ (१) र (६), २३ (१)(ङ), २५(३), २६(६), ३२(४), ३३, मा उल्लिखित व्यवस्थाहरु नियमावलीमा समावेश गर्न प्रस्ताव गरिएको छ। माथि विभिन्न दफाहरुमा उल्लेख भए अनुसार प्रत्यायोजित व्यवस्थापनसँग प्रस्तावित ऐनको व्यवस्था, नियमावली बनाउनु पर्ने कारण र त्यसबाट पर्न सक्ने प्रभावहरु यस प्रकार रहेका छनः

क्र.सं.	प्रस्तावित विधेयकको दफा/उपदफा खण्ड/उपखण्ड	प्रत्यायोजित व्यवस्थापनको कारण	प्रत्यायोजित व्यवस्थापन अन्तर्गत बनाइने कानूनको प्रकृति र सीमा	प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव
१.	९ (ङ) दर्तावाला डिप्लोमा इन्जिनियरले आचार संहिताको उल्लघंन गरेमा वा पालना नगरेमा तोकिए बमोजिमको कार्यविधि पूरा गरी त्यस्तो डिप्लोमा इन्जिनियरको नाम परिषद्बाट हटाउने,	आचार संहिताको उल्लघंन गर्ने वा पालना नगर्ने दर्तावाला डिप्लोमा इन्जिनियरको नाम दर्ता किताबबाट हटाउने कार्यविधि सम्बन्धी व्यवस्था नियमावलीमा राख्नुपर्ने भएकोले।	कारवाही गर्नुपूर्व सुनुवाईको मौका दिइने, ऐन वा नियमावलीमा लेखिएका कुराहरु उल्लङ्घन भएको अवस्थामा कारवाही गर्ने, पुनरावेदनको अधिकार,	व्यक्तिगत वा व्यवसायीक प्रभाव पर्ने रोजगारी गुम्ने कानूनी र वित्तीय प्रभाव पर्ने संस्थागत तथा परियोजनागत प्रभाव काम कारवाही गर्न सहज हुने।
२.	११(७) रजिष्ट्रार को पारिश्रमिक, सेवाका शर्त र सुविधा सम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ।	पारिश्रमिक सेवाका शर्त र सुविधा नियमवालीमा तोक्न आवश्यक भएकोले।	रजिष्ट्रार को पद कार्यकारी प्रकृतिको हुने हुनाले सेवाका शर्त र सुविधा नेपाल सरकारको मापदण्डको सीमाभित्र हुने	सुविधा यकिन हुन जाने।

३.	१२(झ) तोकिए बमोजिमका अन्य काम गर्ने।	रजिष्ट्रार को काम कर्तव्य अधिकार सम्बन्धी थप व्यवस्था नियमावलीमा राख्दा उपयुक्त हुने ।	ऐनमा लेखिएका व्यवस्थाका अतिरिक्त ऐन अन्तर्गत बन्ने नियमावलीले रजिष्ट्रार को थप काम कर्तव्य र अधिकार स्पष्ट गर्ने।	काम कर्तव्य र अधिकारमा थप स्पष्ट हुने हुँदा कार्य सञ्चालनमा सहजता आउने।
४.	१३ को उपदफा (२) उपदफा (१) बमोजिम नियुक्त कर्मचारीको पारिश्रमिक सुविधा तथा सेवाका शर्तहरु तोकिए बमोजिम हुनेछ।	नियुक्त कर्मचारीको पारिश्रमिक सुविधा तथा सेवाका शर्तहरु नियमावलीमा तोक्न आवश्यक भएको।	परिषद्का कर्मचारीको नियुक्ति सेवाका शर्त तथा सुविधा सम्बन्धी व्यवस्था परिषद्ले तोक्न सक्ने गरी नियमावलीमा स्पष्ट व्यवस्था हुने।	परिषद्का कर्मचारीको नियुक्ति सेवाका शर्त तथा सुविधा सम्बन्धी व्यवस्थामा प्रष्टता आउने।
५.	१६ को (१) र (३) (१) दफा १५ बमोजिम मान्यताप्राप्त शिक्षण संस्थाबाट डिप्लोमा इन्जिनियरिङ उत्तीर्ण गरेका व्यक्तिले परिषद्मा नाम दर्ता गराउन चाहेमा तोकिएबमोजिमको ढाँचामा परिषद्मा दरखास्त दिनु पर्नेछ। (३) उपदफा (१)	दरखास्तको ढाँचा नियमावलीमा राख्न आवश्यक भएकोले कागजात तथा दस्तुर सम्बन्धी व्यवस्था नियमावलीमा राख्न आवश्यक भएकोले।	दरखास्त दिँदा निवेदनको ढाँचा नियमावलीमा स्पष्ट व्यवस्था हुने। पेश गर्नुपर्ने कागजात तथा दस्तुर सम्बन्धी विषयमा स्पष्ट व्यवस्था हुने।	डिप्लोमा इन्जिनियरिङ उत्तीर्ण गरेका व्यक्तिले परिषद्मा नाम दर्ता गराउन चाहेमा निवेदन लेख्न सहज हुने। पेश गर्नुपर्ने कागजात तथा दस्तुर सम्बन्धमा स्पष्ट हुने हुँदा दरखास्त दिने व्यक्तिलाई सहज हुने।

	वा (२) बमोजिम नाम दर्ता गराउन दरखास्त दिने व्यक्तिले दरखास्त साथ शिक्षण संस्थाबाट डिप्लोमा इन्जिनियरिङ उत्तीर्ण गरेको प्रमाणपत्र, तत्सम्बन्धी अन्य कागजात तथा तोकिएबमोजिमको दस्तुर संलग्न गर्नु पर्नेछ।			
६.	१८ को (२) (३) र (५), (२) परिषद्मा डिप्लोमा इन्जिनियरिङ व्यवसायीको रुपमा नाम दर्ता गर्नको लागि परीक्षा समितिले कम्तीमा वर्षको एक पटक तोकिए बमोजिम परीक्षा सञ्चालन गर्नेछ। (३) उपदफा (२) बमोजिम सञ्चालन हुने परीक्षाको पाठ्यक्रम र परीक्षा	परीक्षा सञ्चालन सम्बन्धी व्यवस्था नियमावलीमा तोक्न आवश्यक भएकोले। पाठ्यक्रम र परीक्षा सञ्चालन प्रणालीको व्यवस्था नियमावलीमा राख्न आवश्यक भएकोले।	परिषद्ले लिखित परिक्षा सञ्चालन गर्ने सम्बन्धी व्यवस्थाको स्पष्ट उल्लेख हुने। पाठ्यक्रम र परीक्षा सञ्चालनको कार्यतालिका तयार हुने। परीक्षा समितिको काम, कर्तव्य, अधिकार तथा	परीक्षा सञ्चालन गर्न सहजता हुने। पाठ्यक्रम र परीक्षा सञ्चालन प्रणालीको व्यवस्थाले गर्दा परीक्षा सञ्चालन गर्न सहजता हुने। परीक्षा सञ्चालन गर्नको लागि मापदण्ड,

	सञ्चालन प्रणाली तोकिए बमोजिम हुनेछ। (५) परीक्षा समितिको काम, कर्तव्य, अधिकार तथा बैठक सञ्चालन कार्यविधि तोकिए बमोजिम हुनेछ।	परीक्षा समितिको काम, कर्तव्य, अधिकार तथा बैठक सञ्चालन कार्यविधि नियमावलीमा तोक्न आवश्यक भएकोले।	बैठक सञ्चालन कार्यविधि तयार हुने।	आचारसंहिता, परीक्षाको पाठ्यक्रम, प्रश्नपत्र निर्माण, भण्डारण र छपाइको मापदण्ड तथा उत्तरपुस्तिका परीक्षण र मूल्याङ्कन लगायतका विषयमा स्पष्ट व्यवस्था हुने।
७.	१९ को (२), (२) उपदफा (१) बमोजिम नाम दर्ताका लागि सिफारिस प्राप्त भएपछि परिषद्ले त्यस्तो व्यक्तिको नाम तोकिए बमोजिमको ढाँचामा परिषद्को दर्ता किताबमा दर्ता गर्नु पर्नेछ।	दर्ता किताबमा नाम दर्ता गर्ने सम्बन्धमा सोको ढाँचा नियमावलीमा राख्न आवश्यक भएकोले।	नाम दर्ताको ढाँचा नियमावलीमा स्पष्ट व्यवस्था हुने।	परिषद्लाई परीक्षा उत्तीर्ण गरेका व्यक्तिको दर्ता किताबमा नाम दर्ता गराउन सहज हुने।
८.	२० को (१), (१) दफा १९ बमोजिम परिषद्मा दर्ता भएका व्यक्तिको नाम रजिष्ट्रार ले दर्ता किताबमा अभिलेख राखी तोकिए	रजिष्ट्रार ले डिप्लोमा इन्जिनियरिङ व्यवसायीको नाम दर्ता प्रमाणपत्र दिने सम्बन्धमा प्रमाणपत्रको ढाँचा नियमावलीमा तोक्न आवश्यक भएकोले।	नाम दर्ता प्रमाणपत्रको ढाँचा नियमावलीमा स्पष्ट व्यवस्था हुने।	नाम दर्ता प्रमाणपत्रको ढाँचा तोकिएको हुने।

	बमोजिमको ढाँचामा डिप्लोमा इन्जिनियरिङ व्यवसायीको नाम दर्ता प्रमाणपत्र दिनु पर्नेछ।			
९.	२२ को (१) र (६), (१) डिप्लोमा इन्जिनियरिङ विषयमा मान्यता प्राप्त शैक्षिक योग्यता हासिल गरेको कुनै गैरनेपाली नागरिकले नेपालभित्र कुनै संस्था, आयोजना वा निश्चित काममा डिप्लोमा इन्जिनियरिङ व्यवसाय गर्न चाहेमा तोकिए बमोजिमको ढाँचामा तोकिए बमोजिमका कागजात तथा विवरण संलग्न गरी परिषद् समक्ष दरखास्त दिनु पर्नेछ।	डिप्लोमा इन्जिनियरिङ विषयमा मान्यता प्राप्त शैक्षिक योग्यता हासिल गरेको कुनै गैरनेपाली नागरिकले नेपालभित्र कुनै संस्था, आयोजना वा निश्चित काममा (डिप्लोमा इन्जिनियरिङ व्यवसाय गर्न चाहेमा परिषद् समक्ष दरखास्त दिँदा चाहिने कागजात तथा विवरणको ढाँचा नियमावलीमा तोक्न आवश्यक भएकोले।	गैरनेपाली नागरिकले इन्जिनियरिङ व्यवसाय गर्न चाहेमा परिषद् समक्ष दरखास्त दिँदा चाहिने कागजात तथा विवरणको ढाँचा नियमावलीमा स्पष्ट व्यवस्था हुने। सम्बन्धित क्षेत्रलाई व्यवस्थित र मर्यादित बनाउन सघाउ पुऱ्याउने हुन्छ। सम्बन्धित व्यक्ति वा संस्थालाई कानूनी रुपमा पहिचान र काम गर्ने वैधता प्रदान हुने।	कागजात तथा विवरणको ढाँचा तोकिएको हुने। नाम दर्ता, नवीकरण, प्रमाणपत्र र अभिलेखसम्बन्धी अन्य व्यवस्था स्पष्ट हुने।

	(६) यस दफा बमोजिमको नाम दर्ता, नवीकरण, प्रमाणपत्र र अभिलेखसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।	नाम दर्ता, नवीकरण, प्रमाणपत्र र अभिलेखसम्बन्धी अन्य व्यवस्था नियमावलीमा तोक्न आवश्यक भएकोले।		
१०.	२३(ङ), तोकिए बमोजिमको व्यवसायिक आचार संहिताको उल्लंघन गरेको अभियोगमा दर्ता किताबबाट नाम हटाउने भनी परिषद्ले निर्णय गरेमा।	व्यवसायिक आचार संहिता सम्बन्धी व्यवस्था नियमावलीमा तोक्न आवश्यक भएकोले।	व्यवसायिक आचार संहिताको उल्लङ्घन गरेमा दर्ता किताबबाट नाम हटाउने तथा प्रमाणपत्र रद्द गर्ने सम्मको व्यवस्था रहने।	व्यवसायिक आचार संहिताको उल्लङ्घन गरेमा कानूनी कारवाही हुने हुँदा आफ्नो व्यवसायप्रति सम्बन्धित व्यक्ति सजग हुने।
११.	२५ को (३), (३) उपदफा (२) बमोजिम परिषद्ले पुनः दर्ता गर्ने निर्णय गरेमा रजिष्ट्रार ले त्यस्तो व्यक्तिको नाम दर्ता किताबमा पुनः दर्ता गरी तोकिए बमोजिमको ढाँचामा पुनः नाम दर्ता भएको प्रमाण पत्र दिनेछ।	परिषद्ले पुनः दर्ता गर्ने निर्णय गरेमा रजिष्ट्रार ले त्यस्तो व्यक्तिको नाम दर्ता किताबमा पुनः दर्ता गरी दिने प्रमाणपत्रको तोकिए बमोजिमको ढाँचामा नियमावलीमा राख्न आवश्यक भएकोले।	पुनः नाम दर्ता प्रमाणपत्रको ढाँचा नियमावलीमा स्पष्ट व्यवस्था हुने।	प्रमाणपत्रको ढाँचा नियमावलीमा तोकिएको हुने।
१२.	२६ को (६),	परिषद्को कोष र	स्वीकृत वार्षिक बजेटको	काम कारवाही गर्न

	(६) परिषद्को कोष र खाताको सञ्चालन तोकिएबमोजिम हुनेछ।	खाताको सञ्चालन सम्बन्धी व्यवस्था नियमावलीमा तोक्ने आवश्यक भएकोले।	सीमाभित्र रही कार्य सञ्चालन हुने, परिषद्ले प्रचलित कानून बमोजिम इजाजतप्राप्त क वर्गको वाणिज्य बैंकमा खाता खोल्नु पर्ने, कोषको खाता सञ्चालन रजिष्ट्रार र परिषद्को आर्थिक प्रशासन प्रमुखको संयुक्त दस्तखतबाट हुने।	सहज हुने
१३.	३२ को (४) उपदफा (३) बमोजिम नसिहत दिने वा प्रमाणपत्र निलम्बन गर्ने वा प्रमाणपत्र रद्द गर्न सक्ने अवस्था र सोको कारवाहीको प्रक्रिया तोकिएबमोजिम हुनेछ।	नसिहत दिने वा प्रमाणपत्र निलम्बन गर्ने वा प्रमाणपत्र रद्द गर्न सक्ने अवस्था र सोको कारवाहीको प्रक्रिया नियमावलीमा तोक्न आवश्यक भएकोले।	व्यवसायी अनुशासन कायम राख्न र गल्ति गर्नबाट रोक्नु यसको उद्देश्य रहेको। आचारसंहिता उल्लङ्घन गर्ने डिप्लोमा इन्जिनियरलाई परिषद्ले नसिहत दिने प्रमाणपत्र रद्द गर्ने तथा निलम्बन गर्ने सम्मका काम कारवाही गर्न सक्ने व्यवस्था रहने।	काम कारवाहीमा सहजता हुने।
१४.	३३, तोकिए बमोजिमको विषयमा टि एस एल सी वा सो सरह उत्तीर्ण गरी परिषद्मा नाम दर्ता गराउन चाहने प्राविधिकको नाम परिषद्ले तोकिए बमोजिम प्रि-	तोकिए बमोजिमको विषयमा टि एस एल सी वा सो सरह उत्तीर्ण गरी परिषद्मा नाम दर्ता गराउन चाहने प्राविधिकको नाम परिषद्ले प्रि-डिप्लोमा इन्जिनियरिङ दर्ता किताब तोक्न	प्रि-डिप्लोमा इन्जिनियरिङ दर्ता किताबको व्यवस्थाले अभिलेख दुरुस्त रहने।	काम कारवाहीमा सहजता हुने।

	डिप्लोमा इन्जिनियरिङ दर्ता किताबमा दर्ता गर्न सक्नेछ।	सक्ने व्यवस्था नियमावलीमा राख्न आवश्यक भएकोले।		

डिप्लोमा इन्जिनियरिङ परिषद्को व्यवस्था गर्न बनेको विधेयकको व्याख्यात्मक टिप्पणी

दफा	दफा शीर्षक	व्याख्यात्मक टिप्पणी
१	संक्षिप्त नाम, विस्तार र प्रारम्भ	ऐनको नाम र यो ऐन तुरून्त प्रारम्भ हुने व्यवस्था गरिएको छ।
२	परिभाषा	यस दफामा अध्यक्ष, रजिष्ट्रार , डिप्लोमा इन्जिनियर, तोकिएको वा तोकिए बमोजिम, दर्ता किताब, परिषद् मन्त्रालय र सदस्य जस्ता शब्दावलीको परिभाषा गरिएको छ।
३	परिषद्को स्थापना	यस दफामा डिप्लोमा इन्जिनियरिङ पेशा वा व्यवसायलाई व्यवस्थित रुपमा सञ्चालन गर्न, सो पेशा वा व्यवसायमा संलग्न डिप्लोमा इन्जिनियरिङ प्राविधिकको सेवालाई वैज्ञानिक, मर्यादित र पारदर्शी ढंगले परिचालन गर्न तथा निजहरुको योग्यतानुसार नाम दर्ता गर्ने कार्य समेतको लागि डिप्लोमा इन्जिनियरिङ परिषद् नामको एक परिषद् स्थापना गर्ने तथा परिषद्को कार्यालय काठमाडौं उपत्यकामा रहने प्रस्ताव गरिएको छ।
४	परिषद् स्वशासित संस्था हुने	यस दफामा परिषद् अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुने, परिषद्को सबै काम कारबाहीको निमित्त आफ्नो एउटा छुट्टै छाप हुने, परिषद्ले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य कुनै किसिमले व्यवस्था गर्न सक्ने तथा परिषद्ले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न र परिषद् उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्ने व्यवस्था प्रस्ताव गरिएको छ।
५	परिषद्को गठन	यस दफामा दफा ३ बमोजिम स्थापना भएको परिषद्मा रहने सदस्यहरुको गठन सम्बन्धी व्यवस्था प्रस्ताव गरिएको छ।
६.	सदस्यको पदावधि	यस दफामा परिषद्का मनोनीत सदस्यको पदावधि चार वर्षको हुने निजको पुनः एक पटक मनोनयन हुन सक्ने र पदावधि समाप्त नहुँदै कुनै सदस्यको पद रिक्त हुन आएमा त्यस्तो रिक्त हुन आएको सदस्यको पद बाँकी अवधिको लागि पूर्ति गर्न सकिने व्यवस्था प्रस्ताव गरिएको छ।
७.	सदस्यको निमित्त अयोग्यता	यस दफामा परिषद्को सदस्यमा मनोनयन सम्बन्धमा अयोग्यता सम्बन्धी व्यवस्था प्रस्ताव गरिएको छ।
८.	सदस्यको पद रिक्त हुने अवस्था	यस दफामा परिषद्को सदस्यको पद रिक्त हुने अवस्था सम्बन्धी व्यवस्था प्रस्ताव गरिएको छ।
९.	परिषद्को काम,	यस दफामा परिषद्को काम कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था उल्लेख

	कर्तव्य र अधिकार	गरिएको छ।
१०.	परिषद्को बैठक र निर्णय	यस दफामा परिषद्को बैठक वर्षको कम्तीमा चार पटक बस्ने, परिषद्को बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्ने, परिषद्को बैठक बस्नु भन्दा कम्तीमा तीन दिन अगावै बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना परिषद्को सदस्य-सचिवले सबै सदस्यहरुलाई दिनु पर्ने, परिषद्को कूल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा परिषद्को बैठकको लागि गणपूरक संख्या पुगेको मानिने, परिषद्को बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णयात्मक मत दिने, परिषद्को बैठकको निर्णय बैठकको अध्यक्ष र सदस्य सचिवबाट प्रमाणित गरिने, परिषद्ले आवश्यक देखेमा कुनै विशेषज्ञलाई परिषद्को बैठकमा भाग लिन आमन्त्रण गर्न सक्ने, परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैले निर्धारण गरे बमोजिम हुने व्यवस्था प्रस्ताव गरिएको छ।
११.	रजिष्ट्रार	यस दफामा परिषद्को प्रशासकीय प्रमुखको रुपमा दैनिक कार्य सञ्चालन गर्नको लागि एकजना रजिष्ट्रार रहने, रजिष्ट्रारको नियुक्ति सम्बन्धी व्यवस्था, पदावधि, पद रिक्त हुने अवस्था, पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौका दिनु पर्ने, पारिश्रमिक, सेवाका शर्त र सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुने व्यवस्था प्रस्ताव गरिएको छ।
१२.	रजिष्ट्रार को काम, कर्तव्य र अधिकार	यस दफामा रजिष्ट्रार को काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था प्रस्ताव गरिएको छ।
१३.	कर्मचारी सम्बन्धी व्यवस्था	यस दफामा परिषद्ले अर्थ मन्त्रालयको स्वीकृति लिई आवश्यक संख्यामा दरबन्दी स्वीकृत गरी कर्मचारीको नियुक्ति गर्ने, पारिश्रमिक सुविधा तथा सेवाका शर्तहरु तोकिए बमोजिम हुने तथा कर्मचारी पदपूर्ति नहुँदा सम्मको लागि मन्त्रालयले आवश्यक कर्मचारी व्यवस्थापन गर्न सक्ने व्यवस्था प्रस्ताव गरिएको छ।
१४.	नाम दर्ता नगराई इन्जिनियरिङ्ग व्यवसाय गर्न नहुने	यस दफामा यो ऐन प्रारम्भ भएको मितिले एक वर्ष पछि परिषद्मा नाम दर्ता नगराई कुनै पनि व्यक्तिले डिप्लोमा इन्जिनियरिङ व्यवसाय गर्न नहुने व्यवस्था प्रस्ताव गरिएको छ।
१५.	शैक्षिक	यस दफामा नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाले प्रदान गरेको

	योग्यताको मान्यता	अनुसूचीमा उल्लिखित विषयको शैक्षिक योग्यताको प्रमाणपत्र वा उपाधिलाई परिषद्बाट सञ्चालन हुने परीक्षाको प्रयोजनका लागि परिषद्ले मान्यता दिने व्यवस्था प्रस्ताव गरिएको छ।
१६.	नाम दर्ताको लागि दरखास्त दिने	यस दफामा दफा १५ बमोजिम मान्यता प्राप्त शिक्षण संस्थाबाट डिप्लोमा इन्जिनियरिङ उत्तीर्ण गरेका व्यक्तिले परिषद्मा नाम दर्ता गराउन चाहेमा तोकिएबमोजिमको ढाँचामा परिषद् समक्ष दरखास्त दिनु पर्ने, यो ऐन प्रारम्भ हुँदाका बखत नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट डिप्लोमा इन्जिनियरको योग्यता प्राप्त गरेको व्यक्तिले यो ऐन प्रारम्भ भएको मितिले छ महिना भित्र परिषदमा नाम दर्ता गराउनको लागि दरखास्त दिनु पर्ने, नाम दर्ता गराउन दरखास्त दिने व्यक्तिले दरखास्तसाथ शिक्षण संस्थाबाट डिप्लोमा इन्जिनियरिङ उत्तीर्ण गरेको प्रमाणपत्र, तत्सम्बन्धी अन्य कागजात तथा तोकिएबमोजिमको दस्तुर संलग्न गर्नु पर्ने व्यवस्था प्रस्ताव गरिएको छ।
१७.	दरखास्त उपर छानबिन	यस दफामा दफा १६ बमोजिम प्राप्त भएको दरखास्त उपर रजिष्ट्रार ले आवश्यक छानबिन गर्ने, छानबिन गर्दा कुनै कुरा अस्पष्ट हुन आएमा रजिष्ट्रार ले तत्सम्बन्धी कुराहरु स्पष्ट गर्नको लागि सम्बन्धित व्यक्तिसँग आवश्यक प्रमाण तथा कागजात माग गर्न सक्ने, माग भएका प्रमाण तथा कागजात रजिष्ट्रार समक्ष पेश गर्नु सम्बन्धित व्यक्तिको कर्तव्य हुने, छानबिन गरी उपयुक्त देखिएमा रजिष्ट्रार ले सम्बन्धित व्यक्तिको नाम डिप्लोमा इन्जिनियरिङ व्यवसायी दर्ता परीक्षा सञ्चालन गर्ने प्रयोजनका लागि परीक्षा समिति समक्ष पठाउनु पर्ने व्यवस्था प्रस्ताव गरिएको।
१८.	परीक्षा समिति गठन	यस दफामा परिषद्मा डिप्लोमा इन्जिनियरिङ व्यवसायीको रुपमा नाम दर्ता गर्ने प्रयोजनका लागि परीक्षा सञ्चालन गर्न परीक्षा समिति रहने व्यवस्था रहेको, परिषदमा डिप्लोमा इन्जिनियरिङ व्यवसायीको रुपमा नाम दर्ता गर्नको लागि परीक्षा समितिले कम्तीमा वर्षको एक पटक तोकिए बमोजिम परीक्षा सञ्चालन गर्ने, सञ्चालन हुने परीक्षाको पाठ्यक्रम र परीक्षा सञ्चालन प्रणाली तोकिए बमोजिम हुने, परीक्षा समितिले आवश्यक देखेमा विषयसँग सम्बन्धित कुनै विशेषज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्ने, परीक्षा समितिको काम, कर्तव्य, अधिकार तथा बैठक सञ्चालन कार्यविधि तोकिए बमोजिम हुने व्यवस्था प्रस्ताव गरिएको।
१९.	नाम दर्ता गर्ने	यस दफामा दफा १८ बमोजिम लिइएको परीक्षा उत्तीर्ण भएका व्यक्तिको नाम दर्ता गर्नको लागि परीक्षा समितिले परिषद्मा सिफारिस गर्नु पर्ने, नाम

		दर्ताका लागि सिफारिस प्राप्त भएपछि परिषद्ले त्यस्तो व्यक्तिको नाम तोकिएबमोजिमको ढाँचामा परिषद्को दर्ता किताबमा दर्ता गर्नु पर्ने व्यवस्था प्रस्ताव गरिएको।
२०.	नाम दर्ता प्रमाणपत्र दिने	यस दफामा दफा १९ बमोजिम परिषदमा दर्ता भएका व्यक्तिको नाम रजिष्ट्रार ले दर्ता किताबमा अभिलेख राखि तोकिए बमोजिमको ढाँचामा डिप्लोमा इन्जिनियरिङ व्यवसायीको नाम दर्ता प्रमाणपत्र दिनु पर्ने, डिप्लोमा इन्जिनियरिङ व्यवसायीको रुपमा नाम दर्ता गर्न दरखास्त दिने व्यक्तिको नाम दर्ता गर्न नमिल्ने कुनै कारण देखी परिषद्ले नाम दर्ता नगर्ने निर्णय गरेमा रजिष्ट्रार ले सम्बन्धित व्यक्तिलाई सो कुराको लिखित जानकारी दिनु पर्ने व्यवस्था प्रस्ताव गरिएको।
२१	नेपाल इन्जिनियरिङ परिषद्मा नाम दर्ता भएपछि परिषदको नाम दर्ता कायम नरहने	यस दफामा परिषद्मा नाम दर्ता भएको व्यक्तिले नेपाल इन्जिनियरिङ परिषद्मा नाम दर्ताको लागि दरखास्त दिन, दर्ता परीक्षामा सहभागी हुन वा नाम दर्तासम्बन्धी अन्य प्रक्रिया पूरा गर्दा परिषद्मा भएको आफ्नो दर्ताको विवरण खुलाई परिषदमा लिखित जानकारी गराउनु पर्ने, परिषद्मा नाम दर्ता भएको व्यक्तिको नाम प्रचलित नेपाल इन्जिनियरिङ परिषद् ऐन बमोजिम नेपाल इन्जिनियरिङ परिषद्को दर्ता किताबमा नाम दर्ता भएमा नाम दर्ता भएको मितिदेखि परिषद्मा भएको निजको दर्ता स्वतः समाप्त हुने, नेपाल इन्जिनियरिङ परिषद्मा नाम दर्ता भएको व्यक्तिले नाम दर्ता भएको मितिले तीस दिनभित्र सोको जानकारी परिषद्लाई गराई परिषद्बाट प्राप्त दर्ता प्रमाणपत्र तथा परिचयपत्र फिर्ता बुझाउनु पर्ने, परिषद्ले नेपाल इन्जिनियरिङ परिषद् वा अन्य आधिकारिक माध्यमबाट दर्ता समाप्त भएको जानकारी प्राप्त गरेमा रजिष्ट्रार ले दर्ता अभिलेखमा दर्ता समाप्त भएको मिति, कारण र नेपाल इन्जिनियरिङ परिषद्को दर्ता नम्बर जनाई अभिलेख अद्यावधिक गर्नु पर्ने, यस दफाको कार्यान्वयनका लागि परिषद्ले नेपाल इन्जिनियरिङ परिषद्सँग समन्वय गरी दर्तासम्बन्धी विवरण विद्युतीय रूपमा प्रमाणीकरण तथा आदानप्रदान गर्ने व्यवस्था मिलाउनु पर्ने व्यवस्था प्रस्ताव गरिएको छ।
२२	गैरनेपाली डिप्लोमा इन्जिनियरको नाम दर्ता	डिप्लोमा इन्जिनियरिङ विषयमा मान्यता प्राप्त शैक्षिक योग्यता हासिल गरेको कुनै गैरनेपाली नागरिकले नेपालभित्र कुनै संस्था, आयोजना वा निश्चितत काममा डिप्लोमा इन्जिनियरिङ व्यवसाय गर्न चाहेमा तोकिए बमोजिमको ढाँचामा तोकिए बमोजिमका कागजात तथा विवरण संलग्न गरी

		परिषद् समक्ष दरखास्त दिनु पर्ने, परिषद्ले उपदफा (१) बमोजिमका कागजात तथा विवरण छानबिन गर्दा दरखास्तवालाको योग्यता र अनुभव उपयुक्त देखिएमा दर्ता परीक्षा नलिई निजको नाम गैरनेपाली डिप्लोमा इन्जिनियरको छुट्टै दर्ता किताबमा दर्ता गर्न सक्ने, पहिलोपटक नाम दर्ता गर्दा बढीमा दुई वर्षका लागि दर्ता गरिनेछ र सम्बन्धित संस्था वा आयोजनाको सिफारिसमा एकपटकमा बढीमा एक वर्षका लागि नवीकरण गर्न सकिने, प्रदान गरिने दर्ता प्रमाणपत्रमा सम्बन्धित संस्था वा आयोजना, कामको विषय र दर्ता अवधि स्पष्ट रूपमा उल्लेख गर्नु पर्नेछ। त्यस्तो व्यक्तिले प्रमाणपत्रमा उल्लिखित संस्था, आयोजना, विषय वा कामबाहेक अन्यत्र डिप्लोमा इन्जिनियरिङ व्यवसाय गर्न नपाउने, गैरनेपाली दर्तावाला डिप्लोमा इन्जिनियर कार्यरत संस्था वा आयोजनामा निजको सेवा समाप्त भएमा, आयोजना वा निजलाई तोकिएको काम सम्पन्न भएमा वा निजको प्रवेशाज्ञा, श्रम स्वीकृति वा कार्य अनुमति समाप्त वा रद्द भएमा निजको दर्ता स्वतः समाप्त हुने, यस दफा बमोजिमको नाम दर्ता, नवीकरण, प्रमाणपत्र र अभिलेखसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुने व्यवस्था प्रस्ताव गरिएको छ।
२३.	दर्ता किताबबाट नाम हटाउने	कस्तो अवस्थामा दर्ता किताबबाट नाम हटाउन पर्ने भन्ने व्यवस्था रहेको।
२४.	प्रमाण पत्र रद्द गर्ने	यस दफामा दफा २३ बमोजिम परिषद्ले दर्ता किताबबाट नाम हटाउने निर्णय गरेमा रजिष्ट्रार ले त्यस्तो व्यक्तिको नाम दर्ता किताबबाट हटाई दफा २० बमोजिम दिएको प्रमाण पत्र रद्द गरी सम्बन्धित व्यक्तिलाई सो कुराको जानकारी दिनु पर्ने व्यवस्था प्रस्ताव गरिएको छ।
२५.	पुनः नाम दर्ता गर्ने	यस दफामा दफा २४ बमोजिम प्रमाणपत्र रद्द भएको व्यक्तिले निर्णय भएको मितिले दुई वर्ष पूरा नभई पुनः नाम दर्ताको लागि दफा १६ बमोजिम परिषदमा दरखास्त दिन नसक्ने, पुनः नाम दर्ताको लागि दरखास्त दिएमा परिषद्ले ऐन बमोजिमको प्रक्रिया पूरा गरी पुनः नाम दर्ता गर्ने निर्णय गर्न सक्ने, परिषद्ले पुनः दर्ता गर्ने निर्णय गरेमा रजिष्ट्रार ले त्यस्तो व्यक्तिको नाम दर्ता किताबमा पुनः दर्ता गरी तोकिए बमोजिमको ढाँचामा पुनः नाम दर्ता भएको प्रमाण पत्र दिने, दफा २३ को खण्ड (घ) को आधारमा दर्ता किताबबाट नाम हटाएका व्यक्तिको पुनः नाम दर्ता नहुने व्यवस्था प्रस्ताव गरिएको छ।

२६.	परिषद्को कोष	परिषद्को आफ्नो एउटा छुट्टै कोष रहने, परिषद्मा देहायका रकम रहनेः- नेपाल सकारबाट प्राप्त रकम, परिषद्मा नाम दर्ता गरे बापतको रकम, परिषद्को तर्फबाट उपलब्ध गराइएको सेवा बापतको रकम, स्वदेशी व्यक्ति, संस्थाबाट प्राप्त रकम, विदेशी व्यक्ति, विदेशी सरकार, अन्तर्राष्ट्रिय संघ वा संस्थाबाट प्राप्त रकम, नेपाल सरकारबाट प्राप्त रकम, विदेशी सरकार, अन्तर्राष्ट्रिय संघ वा संस्थाबाट रकम प्राप्त गर्नुअघि परिषद्ले नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्ने, परिषद्को सम्पूर्ण खर्च कोषमा जम्मा भएको रकमबाट व्यहोरिने, परिषद्को कोषमा रहने रकम नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त "क" वर्गको कुनै बैंकमा खाता खोली जम्मा गरिने तथा परिषद्को कोष र खाताको सञ्चालन तोकिएबमोजिम हुने व्यवस्था प्रस्ताव गरिएको छ।
२७.	लेखा र लेखापरीक्षण	यस दफामा परिषद्को आय व्ययको लेखा नेपाल सरकारले तोके बमोजिमको लेखा प्रणालीबमोजिम राखिने, परिषद्को लेखाको अन्तिम लेखा परीक्षण महालेखा परीक्षकबाट हुने र नेपाल सरकारले चाहेमा परिषद्को आय व्यवको लेखा तथा सोसँग सम्बन्धित कागजात जुनसुकै बखत जाँच्न वा जचाँउन सक्ने व्यवस्था प्रस्ताव गरिएको छ।
२८.	कसूर तथा सजाय	यस दफामा कसैले परिषदमा नाम दर्ता नगराई डिप्लोमा इन्जिनियरिङ व्यवसाय गरेमा यो ऐन अन्तर्गतको कसूर गरेको मानिने, नाम दर्ता नगराई डिप्लोमा इन्जिनियरिङ व्यवसाय गरेमा कसूर गर्ने व्यक्तिलाई तिस हजार रुपैंया जरिवाना वा तीन महिना कैद वा दुवै सजाय हुने व्यवस्था प्रस्ताव गरिएको छ।
२९.	मुद्दा हेर्ने अधिकारी	यस दफामा दफा २८ बमोजिमको कसूरको सम्बन्धमा कारवाही र सजाय गर्ने अधिकार सम्बन्धित जिल्ला अदालतलाई हुने व्यवस्था प्रस्ताव गरिएको।
३०.	पुनरावेदन	यस दफामा दफा २९ बमोजिम जिल्ला अदालतबाट भएको निर्णय उपर चित्त नबुझ्ने पक्षले सम्बन्धित उच्च अदालतमा सो निर्णयको जानकारी पाएको मितिले पैंतीस दिनभीत्र पुनरावेदन गर्न सक्ने व्यवस्था प्रस्ताव गरिएको छ।
३१.	अनुसन्धान तहकिकात तथा मुद्दा चलाउने	यस दफामा दफा २८ बमोजिमको कसूरको अनुसन्धान तहकिकात गर्ने, मुद्दा चलाउने अधिकारी वा निकाय र तत् सम्बन्धी कार्यविधि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिए बमोजिम हुने

	अधिकारी	व्यवस्था प्रस्ताव गरिएको छ।
३२.	व्यवसायिक आचार संहिताको पालना	यस दफामा डिप्लोमा इन्जिनियरिङ व्यवसायीले व्यावसायिक आचार संहिता पालना गर्नु पर्ने, आचार संहिताको उल्लघंन गर्ने डिप्लोमा इन्जिनियरलाई परिषद्ले नसिहत दिने, प्रमाणपत्र निलम्बन गर्ने वा प्रमाणपत्र रद्द गर्ने कारवाही गर्न सक्ने तथा नसिहत दिने वा प्रमाणपत्र निलम्बन गर्ने वा प्रमाणपत्र रद्द गर्न सक्ने अवस्था र सोको कारवाहीको प्रक्रिया तोकिए बमोजिम हुने व्यवस्था प्रस्ताव गरिएको छ।
३३.	प्रि-डिप्लोमा इन्जिनियरिङ्ग दर्ता	यस दफामा तोकिए बमोजिमको विषयमा टि एस एल सी वा सो सरह उत्तीर्ण गरी परिषद्मा नाम दर्ता गराउन चाहने प्राविधिकको नाम परिषद्ले तोकिए बमोजिम प्रि-डिप्लोमा इन्जिनियरिङ दर्ता किताबमा दर्ता गर्न सक्ने व्यवस्था प्रस्ताव गरिएको छ।
३४.	अधिकार प्रत्यायोजन	यस दफामा रजिष्ट्रार ले आफूलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार परिषद्का अधिकृत स्तरका कर्मचारीहरुलाई प्रत्यायोजन गर्न सक्ने व्यवस्था प्रस्ताव गरिएको छ।
३५.	नेपाल सरकारसँग सम्पर्क	यस दफामा परिषद्ले नेपाल सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत राख्नु पर्ने व्यवस्था प्रस्ताव गरिएको छ।
३६.	वार्षिक प्रतिवेदन पेश गर्नु पर्ने	यस दफामा परिषद्ले आफूले वर्षभरी सम्पादन गरेको कामको विवरण, प्रशासकीय खर्च, आवश्यकताको विवरण तथा कार्य योजना समेत समावेश गरी प्रत्येक वर्षको असोज महिनाभित्र मन्त्रालय समक्ष प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था प्रस्ताव गरिएको छ।
३७.	मन्त्रालयले निर्देशन दिन सक्ने	यस दफामा मन्त्रालयले परिषद्को काम कारवाहीलाई प्रभावकारी बनाउन आवश्यक निर्देशन दिन सक्ने, र मन्त्रालयले दिएको निर्देशनको पालन गर्नु परिषद्को कर्तव्य हुने व्यवस्था प्रस्ताव गरिएको छ।
३८.	नियम बनाउन सक्ने	यस दफामा यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियम बनाउन सक्ने व्यवस्था प्रस्ताव गरिएको छ।
३९.	विनियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउने अधिकार	यस दफामा यस ऐनको उद्देश्य कार्यन्वयनका लागि परिषद्ले आवश्यक विनियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने, विनियम, निर्देशिका, कार्यविधि र मापदण्ड मन्त्रालयबाट स्वीकृत भएपछि लागु हुने व्यवस्था प्रस्ताव गरिएको छ। ।
४०.	अनुसूचीमा	यस दफामा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी

	थपघट वा हेरफेर वा संशोधन गर्न सक्ने	अनुसूचीमा आवश्यकतानुसार थपघट, हेरफेर वा संशोधन गर्न सक्ने व्यवस्था प्रस्ताव गरिएको छ।

डिप्लोमा इन्जिनियरिङ परिषद्को व्यवस्था गर्न बनेको विधेयक

प्रस्तावना : डिप्लोमा इन्जिनियरिङ पेशा वा व्यवसायलाई व्यवस्थित, वैज्ञानिक, गुणस्तरिय, मर्यादित तथा पारदर्शी रूपमा सञ्चालन गर्न तथा डिप्लोमा इन्जिनियरिङ प्राविधिकको योग्यता अनुसार नाम दर्ता गर्ने सम्बन्धमा डिप्लोमा इन्जिनियरिङ परिषद्को स्थापना र सञ्चालन गर्ने सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ।

परिच्छेद-१
प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "डिप्लोमा इन्जिनियरिङ परिषद् ऐन, २०८३" रहेको छ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अध्यक्ष" भन्नाले परिषद्को अध्यक्ष सम्झनु पर्छ।

(ख) "रजिष्ट्रार" भन्नाले दफा ११ बमोजिम नियुक्त गरिएको रजिष्ट्रार सम्झनु पर्छ।

(ग) "डिप्लोमा इन्जिनियर" भन्नाले नेपाल सरकारको मान्यता प्राप्त शिक्षण संस्थाबाट अनुसूचीमा उल्लिखित विषयमा डिप्लोमा उत्तीर्ण गरी डिप्लोमा इन्जिनियरिङ परिषद्को दर्ता किताबमा नाम दर्ता भएका डिप्लोमा इन्जिनियर वा प्राविधिक सम्झनु पर्छ।

(घ) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ङ) "दर्ता किताब" भन्नाले दफा १९ बमोजिमको दर्ता किताब सम्झनु पर्छ।

(च) "परिषद्" भन्नाले दफा ३ बमोजिम स्थापना भएको डिप्लोमा इन्जिनियरिङ परिषद् सम्झनु पर्छ।

(छ) "मन्त्रालय" भन्नाले नेपाल सरकार, पूर्वाधार विकास मन्त्रालय सम्झनु पर्छ।

(ज) "सदस्य" भन्नाले परिषद्को सदस्य सम्झनु पर्छ र सो शब्दले परिषद्को अध्यक्ष, उपाध्यक्ष र सदस्य सचिव समेतलाई जनाउँछ।

(झ) "गैरनेपाली दर्तावाला डिप्लोमा इन्जिनियर" भन्नाले दफा २२ बमोजिम निश्चित संस्था, आयोजना वा कामका लागि सीमित अवधिसम्म परिषद्मा नाम दर्ता भएको गैरनेपाली डिप्लोमा इन्जिनियर सम्झनु पर्छ।

परिच्छेद-२

परिषद्को स्थापना, गठन, काम, कर्तव्य र अधिकार

३. **परिषद्को स्थापना** : (१) डिप्लोमा इन्जिनियरिङ पेशा वा व्यवसायलाई व्यवस्थित रूपमा सञ्चालन गर्न, सो पेशा वा व्यवसायमा संलग्न डिप्लोमा इन्जिनियरिङ प्राविधिकको सेवालाई वैज्ञानिक, मर्यादित र पारदर्शी ढङ्गले परिचालन गर्न तथा निजहरूको योग्यतानुसार नाम दर्ता गर्ने कार्य समेतको लागि डिप्लोमा इन्जिनियरिङ परिषद् स्थापना गरिएको छ।

(२) उपदफा (१) बमोजिमको परिषद्को कार्यालय काठमाडौं उपत्यकामा रहनेछ।

४. **परिषद् स्वशासित संस्था हुने** : (१) परिषद् अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र सङ्गठित संस्था हुनेछ।

(२) परिषद्को सबै काम कारबाहीको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ।

(३) परिषद्ले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपयोग गर्न, बेचबिखन गर्न वा अन्य कुनै किसिमले व्यवस्था गर्न सक्नेछ।

(४) परिषद्ले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न र परिषद् उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ।

५. **परिषद्को गठन** : (१) परिषद्मा देहाय बमोजिमका सदस्यहरू रहनेछन्:-

(क) इन्जिनियरिङ विषयमा डिप्लोमा उपाधि प्राप्त गरी कम्तिमा पन्ध्र वर्ष इन्जिनियरिङ व्यवसायमा अनुभव प्राप्त डिप्लोमा इन्जिनियरहरू मध्येबाट नेपाल सरकारले मनोनीत गरेको डिप्लोमा इन्जिनियर एक जना -अध्यक्ष

(ख) इन्जिनियरिङ विषयमा डिप्लोमा उपाधि प्राप्त गरी कम्तिमा दस वर्ष इन्जिनियरिङ व्यवसायमा अनुभव प्राप्त डिप्लोमा इन्जिनियरहरू मध्येबाट नेपाल सरकारले मनोनीत गरेको डिप्लोमा इन्जिनियर एक जना -उपाध्यक्ष

(ग) अध्यक्ष, डिप्लोमा इन्जिनियर्स एशोसियसन -सदस्य

(घ) प्रतिनिधि, राजपत्राङ्कित द्वितीय श्रेणी शिक्षा तथा खेलकुद मन्त्रालय -सदस्य

(ङ) डिप्लोमा इन्जिनियरिङ विषय अध्यापन गराउने शिक्षण संस्थाका प्रमुखहरू मध्ये मन्त्रालयले मनोनयन गरेको एक जना -सदस्य

(च) परिषद्ले मनोनयन गरेको एक महिला सहित तीन जना डिप्लोमा इन्जिनियर -सदस्य

(छ) रजिष्ट्रार -सदस्य-सचिव

(२) उपदफा (१) को खण्ड (च) बमोजिम सदस्यहरूको मनोनयन गर्दा विषयगत आधारमा छुट्टा छुट्टै विषयको प्रतिनिधित्व हुने गरी मनोनीत गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमका सदस्यले परिषद्को निर्णयबमोजिम बैठक भत्ता पाउनेछन्।

६. **<u>सदस्यको पदावधि</u>** : (१) परिषद्का अध्यक्ष, उपाध्यक्ष र मनोनीत सदस्यको पदावधि चार वर्षको हुनेछ। निजको पुनः एक पटक मनोनयन हुन सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अध्यक्ष, उपाध्यक्ष र मनोनीत सदस्यको खराब आचरण वा कार्यक्षमताको अभाव भएमा वा पदिय दायित्व पूरा नगरेमा वा परिषद्को हित विपरीत वा परिषद्लाई हानि नोक्सानी हुने कुनै काम कारवाही गरेमा अध्यक्ष र उपाध्यक्षको हकमा नेपाल सरकारले र सदस्यको हकमा मन्त्रालयले जुनसुकै बखत निजलाई पदबाट हटाउन सक्नेछ।

(३) उपदफा (२) बमोजिम पदबाट हटाउनु अघि अध्यक्ष, उपाध्यक्ष र मनोनीत सदस्यलाई लगाएको आरोपको सम्बन्धमा सफाई पेश गर्ने मनासिव समय दिनु पर्नेछ।

(४) उपदफा (१) बमोजिमको पदावधि समाप्त नहुँदै कुनै सदस्यको पद रिक्त हुन आएमा त्यस्तो रिक्त हुन आएको सदस्यको पद बाँकी अवधिको लागि पूर्ति गर्न सकिनेछ।

७. **<u>सदस्यको अयोग्यता</u>** : देहायका कुनै व्यक्ति परिषद्को सदस्य वा रजिष्ट्रारमा मनोनयन वा नियुक्ति हुन योग्य हुने छैनः-

(क) गैर नेपाली नागरिक,

(ख) प्रचलित कानून बमोजिम दामासाहीमा परेको,

(ग) प्रचलित कानून बमोजिम कालोसूचीमा परेको वा त्यस्तो सूचीबाट फुकुवा भएको मितिले तीन वर्ष पूरा नभएको,

(घ) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागू औषध बिक्री वितरण तथा निकासी वा पैठारी, सम्पत्ति शुद्धीकरण, राहदानी दुरूपयोग, अपहरण सम्बन्धी कसूर वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा सजाय पाई वा

कुनै कसूरमा जन्म कैद वा बीस वर्ष वा सोभन्दा बढी कैदको सजाय पाई त्यस्तो फैसला अन्तिम भएको,

(ङ) मानसिक अवस्थाको कारण परिषद्को सदस्यको पदमा रही कार्य सम्पादन गर्न असमर्थ रहेको,

(च) कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमति प्राप्त गरेको,

(छ) सार्वजनिक निकायको कुनै लाभको पद धारण गरेको,

स्पष्टीकरण : यस खण्डको प्रयोजनको लागि "लाभको पद" भन्नाले निर्वाचन वा मनोनयनद्वारा पूर्ति गरिने राजनीतिक पद बाहेक सरकारी कोषबाट पारिश्रमिक वा सुविधा पाउने पद सम्झनु पर्छ।

(ज) पैसठ्ठी वर्ष उमेर पूरा भएको।

८. **सदस्यको पद रिक्त हुने अवस्था** : देहायका अवस्थामा परिषद्को सदस्यको पद रिक्त भएको मानिनेछः-

(क) अध्यक्षले मन्त्रालय समक्ष र सदस्यले अध्यक्ष समक्ष लिखित राजिनामा दिएमा,

(ख) दफा ७ बमोजिम अयोग्य भएमा,

(ग) परिषद्लाई कारण सहितको पूर्व सूचना नदिई लगातार तीन पटकसम्म परिषद्को बैठकमा अनुपस्थित भएमा,

(घ) पदावधि समाप्त भएमा,

(ङ) दफा ६ को उपदफा (२) बमोजिम पदबाट हटाइएमा,

(च) निजको मृत्यु भएमा।

९. **परिषद्को काम, कर्तव्य र अधिकार** : यस ऐनमा अन्यत्र लेखिएको काम, कर्तव्य र अधिकारको अतिरिक्त परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) डिप्लोमा इन्जिनियरिङ व्यवसाय सञ्चालनको लागि आवश्यक नीति योजना तथा कार्यक्रमहरू तयार गरी त्यसको कार्यान्वयन गर्ने,

(ख) डिप्लोमा इन्जिनियरिङ विषयको पाठ्यक्रम तथा विद्यार्थी भर्नाका सम्बन्धमा सम्बन्धित निकायलाई सुझाव दिने,

(ग) डिप्लोमा इन्जिनियरिङ व्यवसायीको नाम दर्ता गर्ने,

(घ) डिप्लोमा इन्जिनियरिङको व्यवसायिक आचार संहिता बनाई कार्यान्वयन गर्ने, गराउने,

(ङ) दर्तावाला डिप्लोमा इन्जिनियरले आचार संहिताको उल्लङ्घन गरेमा वा पालना नगरेमा तोकिए बमोजिमको कार्यविधि पूरा गरी त्यस्तो डिप्लोमा इन्जिनियरको नाम परिषद्बाट हटाउने,

(च) परिषद्को वार्षिक बजेट, योजना तथा कार्यक्रम स्वीकृत गर्ने,

(छ) परिषद्को काम कारवाहीको सम्बन्धमा आवश्यकता अनुसार समिति, उपसमिति वा कार्यटोली गठन गर्ने र त्यस्तो समिति, उपसमिति वा कार्यटोलीको काम, कर्तव्य र अधिकार तोक्ने।

१०. **परिषद्को बैठक र निर्णय** : (१) परिषद्को बैठक वर्षको कम्तिमा चार पटक बस्नेछ।

(२) परिषद्को बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) अध्यक्षको अनुपस्थितिमा बैठकको अध्यक्षता उपाध्यक्षले गर्नेछ।

(४) परिषद्को बैठक बस्नु भन्दा कम्तिमा तीन दिन अगावै बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना परिषद्को सदस्य-सचिवले सबै सदस्यहरूलाई दिनु पर्नेछ।

(५) परिषद्को कूल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा परिषद्को बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(६) परिषद्को बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णयात्मक मत दिनेछ।

(७) परिषद्को निर्णय बैठकको अध्यक्षता गर्ने व्यक्ति र सदस्य सचिवले प्रमाणित गर्नु पर्नेछ।

(८) परिषद्ले आवश्यक देखेमा कुनै विशेषज्ञलाई परिषद्को बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ।

(९) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैले निर्धारण गरे बमोजिम हुनेछ।

परिच्छेद-३

रजिष्ट्रार र कर्मचारी सम्बन्धी

११. **रजिष्ट्रार** : (१) परिषद्को प्रशासकीय प्रमुखको रूपमा दैनिक कार्य सञ्चालन गर्नको लागि एकजना रजिष्ट्रार रहनेछ।

(२) देहाय बमोजिमको योग्यता पुगेका व्यक्ति मध्येबाट नेपाल सरकारले खुला प्रतिस्पर्धाको आधारमा रजिष्ट्रार नियुक्ति गर्नेछः-

(क) मान्यता प्राप्त विश्वविद्यालयबाट इन्जिनियरिङ विषयमा कम्तिमा स्नातक तह उत्तीर्ण गरी कम्तिमा दश वर्षको अनुभव हासिल गरेको,

(ख) दफा ७ बमोजिम अयोग्य नभएको।

(३) उपदफा (२) बमोजिम रजिष्ट्रारको नियुक्ति नभएसम्मको लागि नेपाल सरकारले संघीय निजामती सेवाको कम्तिमा राजपत्राङ्कित द्वितीय श्रेणी वा सो सरहको कुनै कर्मचारीलाई रजिष्ट्रारको रूपमा तोक्न सक्नेछ।

(४) रजिष्ट्रारको पदावधि चार वर्षको हुनेछ र निज अर्को एक पदावधिको लागि पुनः नियुक्ति हुन सक्नेछ।

(५) देहायको अवस्थामा रजिष्ट्रारको पद रिक्त हुनेछः-

(क) दफा ७ बमोजिम अयोग्य भएमा,

(ख) निजले मन्त्रालयसमक्ष लिखित राजिनामा दिएमा,

(ग) निजको खराब आचरण वा कार्यक्षमताको अभाव भएमा वा पदिय दायित्व पूरा नगरेमा वा परिषद्को हित विपरित वा परिषदलाई हानि नोक्सानी हुने कुनै काम कारवाही गरेमा नेपाल सरकारले जुनसुकै बखत निजलाई रजिष्ट्रारको पदबाट हटाएमा,

(घ) निजको मृत्यु भएमा।

(६) उपदफा (५) को खण्ड (ग) बमोजिम रजिष्ट्रारलाई पदबाट हटाउनु अघि निजलाई लगाएको आरोपको सम्बन्धमा सफाइ पेश गर्ने मनासिव समय दिनु पर्नेछ।

(७) रजिष्ट्रारको पारिश्रमिक, सेवाका शर्त र सुविधा सम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ।

१२. **<u>रजिष्ट्रारको काम, कर्तव्य र अधिकार</u>** : यस ऐनमा अन्यत्र लेखिएको काम, कर्तव्य र अधिकारको अतिरिक्त रजिष्ट्रारको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) परिषद्ले गरेको निर्णय कार्यान्वयन गर्ने,

(ख) परिषद्को कोषको व्यवस्था र सञ्चालन गर्ने,

(ग) परिषद्को लेखा उत्तरदायी अधिकृतको रूपमा काम गर्ने,

(घ) परिषद्को चल अचल सम्पत्तिको व्यवस्थापन, सञ्चालन, संरक्षण र रेखदेख गर्ने र गराउने,

(ङ) वार्षिक कार्यक्रम, बजेट, प्रगति प्रतिवेदन तथा अन्य प्रतिवेदन सम्बन्धमा छलफल तथा आवश्यकता अनुसार संशोधन गरी अनुमोदनका लागि परिषद् समक्ष पेश गर्ने,

(च) लेखापरीक्षणको प्रतिवेदन परिषद् समक्ष पेश गर्ने,

(छ) परिषद्को लागि प्राप्त आर्थिक तथा अन्य सहयोग ग्रहण गर्ने,

(ज) परिषद्ले दिएको निर्देशन पालना गर्ने,

(झ) तोकिएबमोजिमका अन्य काम गर्ने।

१३. **कर्मचारी सम्बन्धी व्यवस्था** : (१) परिषद्ले अर्थ मन्त्रालयको पूर्व स्वीकृति लिई आवश्यक दरबन्दी स्वीकृत गरी कर्मचारी नियुक्ति गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम नियुक्त कर्मचारीको पारिश्रमिक, सुविधा तथा सेवाका शर्तहरू तोकिएबमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिम कर्मचारी पदपूर्ति नहुँदासम्मको लागि मन्त्रालयले आवश्यक कर्मचारी व्यवस्थापन गर्न सक्नेछ।

परिच्छेद-४

नाम दर्ता

१४. **नाम दर्ता नगराई इन्जिनियरिङ व्यवसाय गर्न नहुने** : यो ऐन प्रारम्भ भएको मितिले एक वर्ष पछि परिषद्मा नाम दर्ता नगराई कुनै पनि व्यक्तिले डिप्लोमा इन्जिनियरिङ व्यवसाय गर्नु हुँदैन।

१५. **शैक्षिक योग्यताको मान्यता** : नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाले प्रदान गरेको अनुसूचीमा उल्लिखित विषयको शैक्षिक योग्यताको प्रमाणपत्र वा उपाधिलाई परिषद्बाट सञ्चालन हुने परीक्षाको प्रयोजनका लागि परिषद्ले मान्यता दिनेछ।

१६. **नाम दर्ताको लागि दरखास्त दिने** : (१) दफा १५ बमोजिम मान्यताप्राप्त शिक्षण संस्थाबाट डिप्लोमा इन्जिनियरिङ उत्तीर्ण गरेका व्यक्तिले परिषद्मा नाम दर्ता गराउन चाहेमा तोकिएबमोजिमको ढाँचामा परिषदमा दरखास्त दिनु पर्नेछ।

(२) यो ऐन प्रारम्भ हुँदाका बखत नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट डिप्लोमा इन्जिनियरको योग्यता प्राप्त गरेको व्यक्तिले यो ऐन प्रारम्भ भएको मितिले छ महिना भित्र परिषद्मा नाम दर्ता गराउनको लागि उपदफा (१) बमोजिम दरखास्त दिनु पर्नेछ। (३) उपदफा (१) वा (२) बमोजिम नाम दर्ता गराउन दरखास्त दिने व्यक्तिले दरखास्त साथ शिक्षण संस्थाबाट डिप्लोमा इन्जिनियरिङ उत्तीर्ण गरेको प्रमाणपत्र, तत्सम्बन्धी अन्य कागजात तथा तोकिएबमोजिमको दस्तुर संलग्न गर्नु पर्नेछ।

१७. **दरखास्त उपर छानबिन** : (१) दफा १६ बमोजिम प्राप्त भएको दरखास्त उपर रजिष्ट्रारले आवश्यक छानबिन गर्नेछ।

(२) उपदफा (१) बमोजिम छानबिन गर्दा कुनै कुरा अस्पष्ट हुन आएमा रजिष्ट्रारले तत्सम्बन्धी कुराहरू स्पष्ट गर्नको लागि सम्बन्धित व्यक्तिसँग आवश्यक प्रमाण तथा कागजात माग गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम माग भएका प्रमाण तथा कागजात रजिष्ट्रार समक्ष पेश गर्नु सम्बन्धित व्यक्तिको कर्तव्य हुनेछ।

(४) यस दफा बमोजिम छानबिन गरी उपयुक्त देखिएमा रजिष्ट्रारले सम्बन्धित व्यक्तिको नाम डिप्लोमा इन्जिनियरिङ व्यवसायी दर्ता परीक्षा सञ्चालन गर्ने प्रयोजनका लागि परीक्षा समिति समक्ष पठाउनु पर्नेछ।

१८. **<u>परीक्षा समिति गठन</u>** : (१) परिषद्मा डिप्लोमा इन्जिनियरिङ व्यवसायीको रूपमा नाम दर्ता गर्ने प्रयोजनका लागि परीक्षा सञ्चालन गर्न देहाय बमोजिमको परीक्षा समिति रहनेछः-

(क) परिषद्ले तोकेको दफा ५ को उपदफा (१) को खण्ड (ख), (ग), (घ), (ङ) बमोजिमको सदस्य मध्ये बाट एक जना -संयोजक

(ख) परिषद्ले तोकेको परिषद्को सदस्यमध्येबाट एक जना -सदस्य

(ग) रजिष्ट्रार -सदस्य-सचिव

(२) परिषद्मा डिप्लोमा इन्जिनियरिङ व्यवसायीको रूपमा नाम दर्ता गर्नको लागि परीक्षा समितिले कम्तिमा वर्षको एक पटक तोकिएबमोजिम परीक्षा सञ्चालन गर्नेछ।

(३) उपदफा (२) बमोजिम सञ्चालन हुने परीक्षाको पाठ्यक्रम र परीक्षा सञ्चालन प्रणाली तोकिएबमोजिम हुनेछ।

(४) परीक्षा समितिले आवश्यक देखेमा विषयसँग सम्बन्धित कुनै विशेषज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(५) परीक्षा समितिको काम, कर्तव्य, अधिकार तथा बैठक सञ्चालन कार्यविधि तोकिएबमोजिम हुनेछ।

१९. **<u>नाम दर्ता गर्ने</u>** : (१) दफा १८ बमोजिम लिइएको परीक्षा उत्तीर्ण भएका व्यक्तिको नाम दर्ता गर्नको लागि परीक्षा समितिले परिषद्मा सिफारिस गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम नाम दर्ताका लागि सिफारिस प्राप्त भएपछि परिषद्ले त्यस्तो व्यक्तिको नाम तोकिए बमोजिमको ढाँचामा परिषद्को दर्ता किताबमा दर्ता गर्नु पर्नेछ।

२०. **<u>नाम दर्ता प्रमाणपत्र दिने</u>** : (१) दफा १९ बमोजिम परिषद्मा दर्ता भएका व्यक्तिको नाम रजिष्ट्रारले दर्ता किताबमा अभिलेख राखी तोकिए बमोजिमको ढाँचामा डिप्लोमा इन्जिनियरिङ व्यवसायीको नाम दर्ता प्रमाणपत्र दिनु पर्नेछ।

(२) डिप्लोमा इन्जिनियरिङ व्यवसायीको रूपमा नाम दर्ता गर्न दरखास्त दिने व्यक्तिको नाम दर्ता गर्न नमिल्ने कुनै कारण देखी परिषद्ले नाम दर्ता नगर्ने निर्णय गरेमा रजिष्ट्रारले सम्बन्धित व्यक्तिलाई सो कुराको लिखित जानकारी दिनु पर्नेछ।

२१. **<u>नेपाल इन्जिनियरिङ परिषद्मा नाम दर्ता भएपछि परिषदको नाम दर्ता कायम नरहने</u>** : (१) परिषद्मा नाम दर्ता भएको व्यक्तिले प्रचलित कानून बमोजिम स्थापना भएको नेपाल इन्जिनियरिङ परिषद्मा नाम दर्ताको लागि दरखास्त दिन, दर्ता परीक्षामा सहभागी हुन वा नाम दर्तासम्बन्धी अन्य प्रक्रिया पूरा गर्दा परिषद्मा भएको आफ्नो दर्ताको विवरण खुलाई परिषदमा लिखित जानकारी गराउनु पर्नेछ।

(२) परिषद्मा नाम दर्ता भएको व्यक्तिको नाम प्रचलित कानून बमोजिम स्थापना भएको नेपाल इन्जिनियरिङ परिषद्को दर्ता किताबमा दर्ता भएमा त्यसरी नाम दर्ता भएको मितिदेखि परिषद्मा दर्ता भएको निजको नाम दर्ता किताबबाट स्वतः हटेको मानिने छ।

(३) उपदफा (२) बमोजिम नेपाल इन्जिनियरिङ परिषद्मा नाम दर्ता भएको व्यक्तिले नाम दर्ता भएको मितिले तिस दिनभित्र सोको जानकारी परिषद्लाई गराई परिषद्बाट प्राप्त दर्ता प्रमाणपत्र तथा परिचयपत्र फिर्ता बुझाउनु पर्नेछ।

(४) परिषद्ले नेपाल इन्जिनियरिङ परिषद् वा अन्य आधिकारिक माध्यमबाट उपदफा (३) बमोजिम दर्ता समाप्त भएको जानकारी प्राप्त गरेमा रजिष्ट्रारले दर्ता अभिलेखमा दर्ता समाप्त भएको मिति, कारण र नेपाल इन्जिनियरिङ परिषद्को दर्ता नम्बर जनाई अभिलेख अद्यावधिक गर्नु पर्नेछ।

(५) यस दफाको कार्यान्वयनका लागि परिषद्ले नेपाल इन्जिनियरिङ परिषद्सँग समन्वय गरी दर्तासम्बन्धी विवरण विद्युतीय रूपमा प्रमाणीकरण तथा आदानप्रदान गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

२२. **<u>गैरनेपाली डिप्लोमा इन्जिनियरको नाम दर्ता</u>** : (१) डिप्लोमा इन्जिनियरिङ विषयमा मान्यता प्राप्त शैक्षिक योग्यता हासिल गरेको कुनै गैरनेपाली नागरिकले नेपालभित्र कुनै संस्था, आयोजना वा निश्चित काममा डिप्लोमा इन्जिनियरिङ व्यवसाय गर्न चाहेमा तोकिए बमोजिमको ढाँचामा तोकिए बमोजिमका कागजात तथा विवरण संलग्न गरी परिषद् समक्ष दरखास्त दिनु पर्नेछ।

(२) दफा १८ मा जुनसुकै कुरा लेखिएको भए तापनि परिषद्ले उपदफा (१) बमोजिमका कागजात तथा विवरण छानबिन गर्दा दरखास्तवालाको योग्यता र अनुभव उपयुक्त देखिएमा दर्ता परीक्षा नलिई निजको नाम गैरनेपाली डिप्लोमा इन्जिनियरको छुट्टै दर्ता किताबमा नाम दर्ता गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम पहिलोपटक नाम दर्ता गर्दा बढीमा दुई वर्षका लागि दर्ता गरिनेछ र सम्बन्धित संस्था वा आयोजनाको सिफारिसमा एकपटकमा बढीमा एक वर्षका लागि नवीकरण गर्न सकिनेछ।

(४) उपदफा (३) बमोजिम प्रदान गरिने दर्ता प्रमाणपत्रमा सम्बन्धित संस्था वा आयोजना, कामको विषय र दर्ता अवधि स्पष्ट रूपमा उल्लेख गर्नु पर्नेछ। त्यस्तो व्यक्तिले प्रमाणपत्रमा उल्लिखित संस्था, आयोजना, विषय वा कामबाहेक अन्यत्र डिप्लोमा इन्जिनियरिङ व्यवसाय गर्न पाउने छैन।

(५) गैरनेपाली दर्तावाला डिप्लोमा इन्जिनियर कार्यरत संस्था वा आयोजनामा निजको सेवा समाप्त भएमा, आयोजना वा निजलाई तोकिएको काम सम्पन्न भएमा वा निजको प्रवेशाज्ञा, श्रम स्वीकृति वा कार्य अनुमति समाप्त वा रद्द भएमा निजको नाम दर्ता किताबबाट स्वतः हटेको मानिने छ।

(६) यस दफा बमोजिमको नाम दर्ता, नवीकरण, प्रमाणपत्र र अभिलेखसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

२३. **<u>दर्ता किताबबाट नाम हटाउने</u> :** (१) देहाय बमोजिमको अवस्थामा बाहेक परिषद्मा नाम दर्ता भएका डिप्लोमा इन्जिनियर व्यवसायीको नाम दर्ता किताबबाट हटाईने छैनः-

(क) दफा २२ बमोजिमको अवस्थामा वाहेक नेपाली नागरिकको हैसियतमा नाम दर्ता भएको व्यक्ति नेपाली नागरिक नरहेमा,

(ख) मानसिक सन्तुलन ठिक नभएमा,

(ग) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागू औषध बिक्री वितरण तथा निकासी वा पैठारी, सम्पत्ति शुद्धीकरण, राहदानी दुरूपयोग, अपहरण सम्बन्धी कसूर वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा जन्म कैद वा बीस वर्ष वा सो भन्दा बढी कैदको सजाय पाई त्यस्तो फैसला अन्तिम भएको,

(घ) योग्यता नपुगेको कुनै व्यक्तिको नाम दर्ता हुन गएमा,

(ङ) तोकिए बमोजिमको व्यवसायिक आचार संहिताको उल्लङ्घन गरेको अभियोगमा दर्ता किताबबाट नाम हटाउने भनी परिषद्ले निर्णय गरेमा।

(२) उपदफा (१) बमोजिमको कुनै आरोपमा डिप्लोमा इन्जिनियरको नाम दर्ता किताबबाट हटाउने प्रस्ताव परिषद्को बैठकमा पेश गर्नुअघि त्यस्तो व्यक्तिको सम्बन्धमा जाँचबुझ गरी प्रतिवेदन पेस गर्न परिषद्ले एक जाँचबुझ समिति गठन गर्नेछ।

(३) उपदफा (२) बमोजिम गठन भएको समितिले जाँचबुझ गर्दा अपनाउनु पर्ने कार्यविधि परिषद्ले तोकेबमोजिम हुनेछ।

(४) यस ऐन बमोजिम नाम दर्ता भएको डिप्लोमा इन्जिनियरको दर्ता किताबबाट नाम हटाउनु अघि परिषद्ले निजलाई सफाइ पेस गर्न मनासिव समय दिनु पर्नेछ।

२४. **प्रमाण पत्र रद्द गर्ने :** दफा २३ बमोजिम परिषद्ले दर्ता किताबबाट नाम हटाउने निर्णय गरेमा रजिष्ट्रारले त्यस्तो व्यक्तिको नाम दर्ता किताबबाट हटाई दफा २० बमोजिम दिएको प्रमाण पत्र रद्द गरी सम्बन्धित व्यक्तिलाई सो कुराको जानकारी दिनु पर्नेछ।

२५. **पुनः नाम दर्ता गर्ने :** (१) दफा २४ बमोजिम प्रमाणपत्र रद्द भएको व्यक्तिले निर्णय भएको मितिले दुई वर्ष पूरा नभई पुनः नाम दर्ताको लागि दफा १६ बमोजिम परिषद्मा दरखास्त दिन सक्नेछैन।

(२) उपदफा (१) बमोजिम पुनः नाम दर्ताको लागि दरखास्त दिएमा परिषद्ले ऐन बमोजिमको प्रक्रिया पूरा गरी पुनः नाम दर्ता गर्ने निर्णय गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम परिषद्ले पुनः दर्ता गर्ने निर्णय गरेमा रजिष्ट्रारले त्यस्तो व्यक्तिको नाम दर्ता किताबमा पुनः दर्ता गरी तोकिएबमोजिमको ढाँचामा पुनः नाम दर्ता भएको प्रमाण पत्र दिनेछ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा २३ को खण्ड (घ) को आधारमा दर्ता किताबबाट नाम हटाएका व्यक्तिको पुनः नाम दर्ता गरिने छैन।

परिच्छेद-५

कोष तथा लेखापरीक्षण

२६. **परिषद्को कोष :** (१) परिषद्को आफ्नो एउटा छुट्टै कोष रहनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहनेछन्:-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) परिषद्मा नाम दर्ता गरे बापतको रकम,

(ग) परिषद्को तर्फबाट उपलब्ध गराइएको सेवा बापतको रकम,

(घ) स्वदेशी व्यक्ति, संस्थाबाट प्राप्त रकम,

(ङ) विदेशी व्यक्ति, विदेशी सरकार, अन्तर्राष्ट्रिय संघ वा संस्थाबाट प्राप्त रकम,

(३) उपदफा (२) को खण्ड (ङ) बमोजिमको रकम प्राप्त गर्नुअघि परिषद्ले नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ।

(४) परिषद्को सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको कोषमा जम्मा भएको रकमबाट व्यहोरिनेछ।

(५) परिषद्को कोषमा रहने रकम नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त "क" वर्गको कुनै बैंकमा खाता खोली जम्मा गरिनेछ।

(६) परिषद्को कोष र खाताको सञ्चालन सम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ।

२७. **लेखा र लेखापरीक्षण** : (१) परिषद्को आय व्ययको लेखा नेपाल सरकारले तोके बमोजिमको लेखा प्रणालीबमोजिम राखिनेछ।

(२) परिषद्को लेखाको अन्तिम लेखा परीक्षण महालेखा परीक्षकबाट हुनेछ।

(३) नेपाल सरकारले चाहेमा परिषद्को आय व्ययको लेखा तथा सोसँग सम्बन्धित कागजात जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ।

परिच्छेद-६

कसूर र सजाय

२८. **कसूर तथा सजाय** : (१) कसैले परिषद्मा नाम दर्ता नगराई डिप्लोमा इन्जिनियरिङ व्यवसाय गरेमा यो ऐन अन्तर्गतको कसूर गरेको मानिनेछ।

(२) उपदफा (१) बमोजिमको कसूर गरेमा कसूर गर्ने व्यक्तिलाई तिस हजार रूपैंया जरिवाना वा तीन महिना कैद वा दुवै सजाय हुनेछ।

२९. **मुद्दा हेर्ने अधिकारी** : दफा २८ बमोजिमको कसूरको सम्बन्धमा सुरु कारवाही र सजाय गर्ने अधिकार सम्बन्धित जिल्ला अदालतलाई हुनेछ।

३०. **पुनरावेदन** : दफा २९ बमोजिम जिल्ला अदालतबाट भएको निर्णय उपर चित्त नबुझ्ने पक्षले सम्बन्धित उच्च अदालतमा सो निर्णयको जानकारी पाएको मितिले पैंतीस दिनभित्र पुनरावेदन गर्न सक्नेछ।

३१. **अनुसन्धान तहकिकात तथा मुद्दा चलाउने अधिकारी** : दफा २८ बमोजिमको कसूरको अनुसन्धान तहकिकात गर्ने, मुद्दा चलाउने अधिकारी वा निकाय र तत् सम्बन्धी कार्यविधि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिए बमोजिम हुनेछ।

परिच्छेद-७

विविध

३२. **व्यवसायिक आचार संहिताको पालना** : (१) डिप्लोमा इन्जिनियरिङ व्यवसायीले देहाय बमोजिमका काम गर्नु गराउनु हुदैंन :-

(क) बदनियत चिताई कुनै पनि काम गर्न, गराउन हुँदैन,

(ख) कुनै काम गर्दा लापरवाही वा हेलचेक्र्याइँ गर्न, गराउन हुँदैन,

(ग) कुनै परीक्षण गर्दा झुट्टा वा गलत प्रतिवेदन वा तथ्यभन्दा फरक पर्ने गरी प्रतिवेदन तयार गर्न वा सिफारिस गर्न, गराउन हुँदैन,

(२) डिप्लोमा इन्जिनियरिङ व्यवसायीले परिषद्ले जारी गरेको व्यवसायिक आचार संहिताको पालना गर्नु पर्नेछ।

(३) आचार संहिताको उल्लङ्घन गर्ने डिप्लोमा इन्जिनियरलाई परिषद्ले नसिहत दिने, प्रमाणपत्र निलम्बन गर्ने वा प्रमाणपत्र रद्द गर्ने कारवाही गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम नसिहत दिने वा प्रमाणपत्र निलम्बन गर्ने वा प्रमाणपत्र रद्द गर्न सक्ने अवस्था र सोको कारवाहीको प्रक्रिया तोकिएबमोजिम हुनेछ।

३३. **प्रि-डिप्लोमा इन्जिनियरिङ दर्ता** : तोकिए बमोजिमको विषयमा टि एस एल सी वा सो सरह उत्तीर्ण गरी परिषद्मा नाम दर्ता गराउन चाहने प्राविधिकको नाम परिषद्ले तोकिए बमोजिम प्रि-डिप्लोमा इन्जिनियरिङ दर्ता किताबमा दर्ता गर्न सक्नेछ।

३४. **अधिकार प्रत्यायोजन** : रजिष्ट्रारले आफूलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार परिषद्का अधिकृत स्तरका कर्मचारीहरूलाई प्रत्यायोजन गर्न सक्नेछ।

३५. **नेपाल सरकारसँग सम्पर्क** : परिषद्ले नेपाल सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत राख्नु पर्नेछ।

३६. **वार्षिक प्रतिवेदन पेस गर्नु पर्ने** : परिषद्ले आफूले वर्षभरी सम्पादन गरेको कामको विवरण, प्रशासकीय खर्च, आवश्यकताको विवरण तथा कार्य योजना समेत समावेश गरी प्रत्येक वर्षको असोज महिनाभित्र मन्त्रालयमा प्रतिवेदन पेश गर्नु पर्नेछ।

३७. **मन्त्रालयले निर्देशन दिन सक्ने** : (१) मन्त्रालयले परिषद्को काम कारवाहीलाई प्रभावकारी बनाउन आवश्यक निर्देशन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम मन्त्रालयले दिएको निर्देशनको पालना गर्नु परिषद्को कर्तव्य हुनेछ।

३८. **नियम बनाउन सक्ने** : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

३९. **विनियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउने अधिकार** : (१) यस ऐनको उद्देश्य कार्यन्वयनका लागि परिषद्ले आवश्यक विनियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम विनियम, निर्देशिका, कार्यविधि र मापदण्ड मन्त्रालयबाट स्वीकृत भएपछि लागु हुनेछ।

४०. **<u>अनुसूचीमा थपघट वा हेरफेर वा संशोधन गर्न सक्ने</u>** : नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यकतानुसार थपघट, हेरफेर वा संशोधन गर्न सक्नेछ।

अनुसूची

(दफा २ को खण्ड (ग) र दफा १५ सँग सम्बन्धित)

डिप्लोमा इन्जिनियरिङ विषय

१. डिप्लोमा इन सिभिल इन्जिनियरिङ

(क) जनरल

(ख) हाइवे

(ग) स्यानीटरी

(घ) विल्डिङ एण्ड आर्किटेक्ट

(ङ) इरिगेशन

(च) हाइड्रोलाजी

(छ) हाइड्रोपावर

(ज) एअरपोर्ट

२. डिप्लोमा इन इलेक्ट्रिकल

(क) जनरल इलेक्ट्रिकल

(ख) एभिएशन इलेक्ट्रिकल

३. डिप्लोमा इन इलेक्ट्रोनिक एण्ड कम्युनिकेशन

४. डिप्लोमा इन मेकानिकल

(क) जनरल मेकानिकल

(ख) एभिएशन मेकानिकल

(ग) निर्माण उपकरण संभार

(घ) प्रोडक्सन इन्जिनियरिङ

५. डिप्लोमा इन एरोनटिकल

६. डिप्लोमा इन माइनिङ

७. डिप्लोमा इन केमिकल

८. डिप्लोमा इन मेटालसर्जिकल

९. डिप्लोमा इन मेट्रोलोजी

१०. डिप्लोमा इन मेटेरियोलोजी

११. डिप्लोमा इन जियोलोजी

(क) जनरल

(ख) हाइड्रोजियोलोजी

(ग) इन्जिनियरिङ जियोलोजी

१२. डिप्लोमा इन सिभिल एभिएशन अपरेशन एण्ड इन्जिनियरिङ

(क) सिभिल एभिएसन अपरेशन

(ख) फ्लाइट अपरेशन

(ग) एभिएसन फायर सर्भिसेज

१३. डिप्लोमा इन सर्भे

१४. डिप्लोमा इन एग्री इरिगेशन इन्जिनियरिङ

१५. डिप्लोमा इन टेक्सटाइल इन्जिनियरिङ

१६. डिप्लोमा इन कम्प्युटर इन्जिनियरिङ

१७. डिप्लोमा इन इन्भाइरोमेन्टल इन्जिनियरिङ

१८. डिप्लोमा इन अटोमोबाइल इन्जिनियरिङ

१९. डिप्लोमा इन इण्डष्ट्यल इन्जिनियरिङ

२०. डिप्लोमा इन रेडियो इन्जिनियरिङ

२१. डिप्लोमा इन सिष्टम इन्जिनियरिङ

२२. डिप्लोमा इन अटोमेशन इन्जिनियरिङ

२३. डिप्लोमा इन अर्बान एण्ड फिजिकल प्लानिङ

२४. डिप्लोमा इन जियोटेक्नीकल इन्जिनियरिङ

२५. डिप्लोमा इन फरेष्ट्री इन्जिनियरिङ

२६. डिप्लोमा इन एग्रीकल्चर इन्जिनियरिङ

२७. डिप्लोमा इन इनर्जी इन्जिनियरिङ

२८. डिप्लोमा इन इन्फरमेशन टेक्नोलोजी एण्ड टेलिकम्युनिकेशन इन्जिनियरिङ

२९. डिप्लोमा इन अर्थक्वेक इन्जिनियरिङ

३०. डिप्लोमा इन आर्किटेक्ट इन्जिनियरिङ

३१. डिप्लोमा इन इलेक्ट्रिक एण्ड इलेक्ट्रोनिक्स इन्जिनियरिङ

३२. डिप्लोमा इन इलेक्ट्रोनिक इन्जिनियरिङ

३३. डिप्लोमा इन एभियोनिक्स इन्जिनियरिङ

३४. डिप्लोमा इन म्यानुफ्याक्चरिङ्ग साइन्स एण्ड इन्जिनियरिङ

३५. डिप्लोमा इन इलेक्ट्रोनिक्स एण्ड टेलिकम्युनिकेसन इन्जिनियरिङ

३६. डिप्लोमा इन साउण्ड एण्ड भिडियो इन्जिनियरिङ

३७. डिप्लोमा इन इण्डष्ट्रियल इलेक्ट्रनिक्स इन्जिनियरिङ

३८. डिप्लोमा इन सफ्टवेयर इन्जिनियरिङ
३९. डिप्लोमा इन इन्स्टुमेन्टेशन इन्जिनियरिङ
४०. डिप्लोमा इन इन्फरमेशन टेक्नोलोजी
४१. डिप्लोमा इन बायोमेडिकल इन्जिनियरिङ
४२. डिप्लोमा इन एयरक्राफ्ट मेण्टेनेन्स इन्जिनियरिङ